लहान नगरपालिका
नगर कार्यपालिकाकोकार्यालय
लहान, सिरहा
२नं. प्रदेश, नेपाल
☎ :- ०३३ { ५६०१३८ कार्यालय
५६०१३९ प्रशासन
५६०३७० राजश्व
५६०१३७ फ्याक्स

पत्र संख्या :- २०७३/०७४
चलानी नं. :- ९२३४
मिति :- २०७४/०३/१४

**(प्रथम पटक प्रकाशित मिति २०७४/०३/१४ गते)**

**बिषय :- आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त सम्बन्धि सूचना ।**

स्थानीय स्वयत्त शासन ऐन, (संशोधन सहित) २०५५ र नियमावली, (संशोधन सहित) २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, (संशोधन सहित) २०६४ वमोजिम यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने आन्तरीक श्रोत तर्फको आय, कर शुल्क र दस्तुर दशौं नगरपरिषद्वाट स्वीकृत दररेटमा यस कार्यालयको मिति २०७४/०२/२६ गतेको निर्णयानुसार आ.व. २०७४/०७५ (२०७४ श्रावण ०१ गते देखि २०७५ आषाढ मसान्त) सम्म वर्ष-१ (एक) कालागि तपसिलमा उल्लेखित शिर्षकको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त सम्वन्धि सिलवन्दी वोलपत्र आह्वान सूचना सोही ऐन नियम वमोजिम ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरु वाट निम्न शर्तहरुका अधिनमा रही रित पूर्वकको शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीकोलागि यस कार्यालयको सूचना पाटीमा हेर्न सकिने छ र विदा दिन वाहेक कार्यालय समय भित्र यसकार्यालयको राजश्व उपशाखामा सम्पर्क राखि वुझ्न सकिने छ । साथै यस कार्यालयको वेभ साईट www.lahanmun.gov.np मा पनि हेर्न सकिने व्यहोरा सम्वन्धित सवैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

| सि.नं. | ठेक्काकोविवरण | न्युनतम अङ्क (Vat,आयकर र दुर्गापूजा चन्दा वाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| ०१. | बिज्ञापन कर (राजमार्ग स्थित सहिद पार्कको दायाँ बायाँ रहेको सेपरेटर पार्क बाहेक) ठेक्का | १,६०,०००/- | १,०००/- | |

**शर्तहरु :-**

०१. यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन सम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम दस्तुर बापत रु. १,०००/- तथा टिकट बापत रु. १०/- समेत (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व व्यवस्थापन उप-शाखावाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको बोलपत्र फारममा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको बिबरण र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६ औं दिन दिनको १२:०० वजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका बोल पत्रहरु सोही दिन दिनको २:०० वजे न.पा. कार्यालयमा बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा न.पा. कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । उक्त समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको बोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

०३. बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी बोलपत्र फारम साथ आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशीक नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि., लहान स्थीत च.हि.नं. ०३६०३०००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भाउचर संलग्न राख्नु पर्नेछ । धरौटी रकम बोलपत्र साथ नगद खामी आएमा नगरपालिका जिम्मेवार हुने छैन । र सो बोलपत्र अमान्य हुनेछ । पछि कुनै उजुर वाजुर लाग्ने छैन ।

नि. कार्यकारी अधिकृत
नगर कार्यपालिकाको कार्यालय

०५. ठेक्का बापत नेपाल सरकारलाई बुझाउनु पर्ने कर दस्तुर ठेक्कावालाले नै बुझाउनु पर्नेछ ।

०६. पर्न आएका बोलहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार न.पा. कार्यालयमा सुरक्षित रहने छ ।

०७. बिज्ञापन कर सहिद पार्कको दायाँ बायाँ रहेको सेपरेटर पार्क (**Road Divider**) को बिज्ञापनमा लिन पाईने छैन । सेपरेटर पार्क (**Road Divider**) बाहेकको बिज्ञापनमा मात्र बिज्ञापन कर लिन पाईने छ ।

०८. बोलपत्र सम्वन्धी अन्य कुनै कुरा वुझनु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी वुझन सकिने छ ।

०९. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फर्क परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

१०. बोलपत्र स्वीकृत भए पछि ठेक रकमको अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि १.५% तथा VAT तथा आयकर बापतको १४.५% समेत जम्मा १६% रकम ठेक अंकमा जोडि एकमुष्ठ अग्रिम दाखिला गर्नु पर्नेछ ।

११. ठेक्का अवधि २०७४ साल श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्म १ वर्ष को हुने छ । कुनै कारण वस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

१२. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन (संशोधन सहितको) नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

१३. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. प्रचार प्रसारका लागी तोकिएको सार्वजनिक स्थानहरु लगायत घर टहरा माथी राखिएका हार्डिङ्ग बोर्ड तथा भित्ते लेखन द्वारा गरीएको प्रचार प्रसारका सामग्रीमा मात्र बिज्ञापन कर लिन पाईने छ ।

१५. बोलपत्र सम्वन्धी केही कुरा वुझन परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्र्पक राखी वुझन सकिनेछ ।

**<u>बिज्ञापन करका दररेट</u> :-**

| | | |
|---|---|---|
| क. | होर्डिङ्ग बोर्ड दस्तुर स्वीकृती शुल्क प्रति वर्ग फिट | रु. ५।- |
| ख. | मदिरा जन्य वस्तुको होर्डिङ्ग वोर्ड प्रति वर्ग फिट | रु. ३५।- |
| ग. | अन्य वस्तुको विज्ञापनमा प्रति वर्ग फिट | रु. ३०।- |

प्रमुख प्रशासकीय अधिकृत
नगर कार्यपालिकाको कार्यालय